# मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम संचालन कार्यविधि,२०७५

प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत मितिः २०७५।०५।३१ गते

प्रस्तावनाः आर्थिक तथा सामाजिक सूचकका आधारमा कमजोर देखिएका गाउँपालिकाहरुका घरपरिवार वा व्यक्तिहरुको गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी, आयआर्जनका अवसरहरु तथा सामाजिक संरक्षणका कार्यक्रममार्फत जीवनस्तर सुधार गरी गरिवी निवारण गर्ने उद्देश्यले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले संचालन गर्ने मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम संचालनका लागि प्रदेश सरकार(मन्त्रिपरिषद्)ले यो "मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम संचालन कार्यविधि, २०७५" स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम संचालन कार्यविधि, २०७५" रहनेछ ।

(२) यो कार्यविधि प्रदेश सरकारले निर्णय गरेको मितिदेखि लागू हुनेछ ।

२. **अर्थ र परिभाषाः**

(क) "कार्यालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई जनाउनेछ ।

(ख) "समन्वय ईकाइ" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहने कार्यक्रम कार्यान्वयन तथा समन्वय ईकाइलाई जनाउनेछ।

(ग) "निर्देशक समिति" भन्नाले मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम केन्द्रीय निर्देशक समितिलाई जनाउनेछ ।

(घ) "व्यवस्थापन समिति" भन्नाले जिल्ला व्यवस्थापन तथा समन्वय समितिलाई जनाउनेछ ।

(ङ) "सिफारिस समिति" भन्नाले कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिलाई जनाउनेछ ।

(च) "कार्यक्रम" भन्नाले मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमलाई जनाउनेछ ।

(छ) "परियोजना" भन्नाले मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम अन्तर्गत सन्चालित परियोजनाहरु वा कार्यक्रम वा क्रियाकलापलाई जनाउनेछ ।

(ज) "सार्वजनिक परिक्षण" भन्नाले मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम कार्यान्वयन गर्ने निकायले सञ्चालन गर्ने परियोजना वा कार्यक्रमको लक्ष्य, उद्देश्य, बजेटखर्च तथा प्राप्त प्रतिफल वा उपलब्धि आदिको बारेमा सरोकारवालाहरु बीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्यांकन गर्ने कार्य जनाउनेछ ।

## परिच्छेद-२

## कार्यक्रम संचालनका उद्देश्य तथा रणनीतिहरु

३. कार्यक्रम सञ्चालनका उद्देश्य तथा रणनीतिहरु

३.१ उद्देश्य

आर्थिक तथा सामाजिक सूचकका आधारमा कमजोर देखिएका गाउँपालिकाहरुका समुदाय,घरपरिवार वा व्यक्तिहरुको गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी, आयआर्जनका अवसरहरु तथा सामाजिक संरक्षणका कार्यक्रममार्फत जीवनस्तर सुधार गरी गरिवी निवारण गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ ।

३.२ रणनीतिहरु

यस कार्यक्रमको उद्देश्य प्राप्तिका लागि देहाय वमोजिमका रणनीतिहरु अवलम्वन गरिनेछ ।

(क)गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवामा पहूँच तथा सीप विकासका कार्यक्रमहरुमार्फत लक्षित वर्गको क्षमतावृद्धि तथा सशक्तीकरण गर्ने ।

(ख)स्वरोजगारी तथा आय आर्जनका क्रियाकलापहरुमा जोड दिने ।

(ग)लक्षित वर्ग, स्थानीय तह र गैर सरकारी संस्थासंगको सहकार्यमा सहभागितामूलक विधिहरु अपनाइ कार्यक्रमहरु संचालन गर्ने ।

## परिच्छेद-३

## लक्षित समूह,कार्यक्रम संचालनका क्षेत्र र संचालन हुने कार्यक्रमहरु

४. लक्षित समूह

यस कार्यक्रमका लक्षित समूह देहाय बमोजिम हुनेछन् ।

(क) गरिवीको समस्याबाट आक्रान्त घर परिवार,

(ख)असहाय, जेष्ठ नागरिक, एकल महिला, बालबालिका र अपांगता भएका व्यक्तिका घरपरिवार,

(ग) दलित,पिछडिएका समुदाय तथा सुरक्षित वसोवास नभएका परिवार,

(घ) कुनै प्रकोप तथा घटनाबाट घरवारविहीन भएका परिवार,

५. कार्यक्रम संचालनको क्षेत्र

यो कार्यक्रम अनुसूची-१ बमोजिमका गाउँपालिकाहरुमा संचालन गरिनेछ ।कार्यक्रम सन्चालनको अनुभव, प्रभावकारिता र साधनको उपलब्धतालाई मनन गरी यसको क्षेत्र विस्तार गर्न सकिनेछ ।

६. सञ्चालन गरिने कार्यक्रमहरु

यस कार्यक्रम अन्तर्गत देहायबमोजिमका कार्यक्रमहरु संचालन गरिनेछ ।

(अ) शिक्षा, स्वास्थ्य तथा क्षमता विकासका कार्यक्रमहरु

(क) विद्यालय बाहिर रहेका वालवालिकाहरुलाई विद्यालय भर्ना गराउने,

(ख) कार्यक्रम संचालन गरिने गाउँपालिकाका पहिचान गरिएका लक्षित समूहका विद्यालय भर्ना भएका बालबालिकाहरुलाई विद्यालय छोड्नबाट रोक्नका लागि आवश्यक कार्यक्रमहरु संचालन गर्ने,

(ग) प्राविधिक शिक्षा तथा सीपमूलक तालिम संचालन गर्ने र तालिम अनुसारका व्यावसायिक कार्यक्रमहरु संचालन गर्न सहयोग गर्ने ।

(घ) निःशुल्क वीमा तथा निःशुल्क स्वास्थ्यसम्बन्धी कार्यक्रमहरु संचालन गर्ने

(आ) रोजगारी तथा स्वरोजगारी सिर्जना तथा आय आर्जन अभिवृद्धिका कार्यक्रमहरु

(क) कृषि तथा पशुपालनसम्बन्धी कार्यक्रमहरु संचालन गर्ने,

(ख) घरेलु उद्योग संचालनसम्बन्धी कार्यक्रमहरु संचालन गर्ने,

(ग)अन्य आय आर्जनसम्बन्धी कार्यक्रमहरु संचालन गर्ने,

(इ) राहत,पुनःस्थापना र सामाजिक संरक्षणसम्बन्धी कार्यक्रमहरु

(क) असहाय,अशक्त र अपाङ्गता भएका ब्यक्तिहरुको पुनःस्थापनासम्बन्धी कार्यक्रम संचालन गर्ने,

(ख) कुनै प्रकारका प्रकोप तथा घटनाबाट घरवार विहीन भएका परिवारलाई सहयोग गर्ने,

(ग) सामाजिक संरक्षणसम्बन्धी अन्य कार्यक्रमहरु संचालन गर्ने,

## परिच्छेद-४
## संरचनागत व्यवस्था र जिम्मेवारी

**७. संरचनागत व्यवस्था**

यस कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको संरचनागत व्यवस्था रहनेछ ।

(अ) मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम केन्द्रीय निर्देशक समितिः

(क) यस कार्यक्रमका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| १. सचिव (बैठक तथा प्रशासन), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयोजक |
| २. सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ३. सचिव, सामाजिक विकास मन्त्रालय | सदस्य |
| ४ सचिव, भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| ५. उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को मन्त्रालय | सदस्य सचिव |

निर्देशक समितिले आवश्यकता अनुसार विभिन्न क्षेत्रका विज्ञहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ख) निर्देशक समितिको काम, कर्तव्य र अधिकारहरु देहायबमोजिम हुनेछ ।

१. कार्यक्रमको नीति, कार्यक्रम, बार्षिक बजेट तथा पालिकागत बजेट बाँडफाँड स्वीकृत गर्ने ।

२. कार्यक्रमको समग्र समन्वय, सुपरिवेक्षण र सहजीकरण गर्ने।

३. काम कारवाहीलाई प्रभावकारी वनाउन आवश्यक नीतिगत निर्णयहरु गरी कार्यान्वयन गर्ने, गराउने ।

४. कार्यक्रम कार्यान्वयन गर्न मातहतका निकायहरुलाई आवश्यक निर्देशन दिने ।

५. स्वीकृत कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र समिक्षा गर्ने।

६. अन्य आवश्यक कार्यहरु गर्ने।

(ग) निर्देशक समितिको कार्यसञ्चालन विधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(आ) मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम कार्यान्वयन तथा समन्वय ईकाइः

(क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा एक कार्यक्रम कार्यान्वयन तथा समन्वय ईकाइ रहनेछ ।

(ख) खण्ड (क) बमोजिमको ईकाइ खडा नभएसम्म कार्यालयले तोकेको कुनै शाखाले सो ईकाइका रुपमा कार्य गर्नेछ ।

(ग) समन्वय ईकाइको काम, कर्तव्य र अधिकार :

यस कार्यविधिमा अन्यत्र लेखिएका विषयका अतिरिक्त कार्यक्रम समन्वय ईकाइका देहाय बमोजिम काम, कर्तव्य र अधिकार हुनेछन् ।

१. निर्देशक समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने।

२. कार्यक्रम सम्वन्धमा कार्यालयवाट गर्नुपर्ने नीतिगत तथा अन्य निर्णयहरुका सम्वन्धमा तयारी गर्ने ।

३. कार्यक्रम सञ्चालनको सम्वन्धमा निर्धारण गर्नुपर्ने मापदण्ड र फारामहरुको ढाँचा तयार गरी कार्यालयवाट स्वीकृत गराउने ।

४ जिल्ला व्यवस्थापन तथा समन्वय समिति र कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिसँग कार्यक्रम कार्यान्वयन सम्वन्धमा आवश्यक समन्वय र सहजीकरण गर्ने ।

५. कार्यक्रम सहजकर्तामार्फत कार्यक्रमको नियमित रुपमा प्रगति प्रतिवेदन लिई एकीकृत प्रतिवेदन निर्देशक समितिको बैठकमा पेश गर्ने ।

६ कार्यक्रमको नियमित सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने र निर्देशक समितिमा पेश गर्ने।

७. गाउँपालिकाहरुलाई कार्यक्रम बजेट खर्चको लेखापालन र लेखा परीक्षणका लागि आवश्यक सहजीकरण गर्ने ।

८. कार्यक्रमसम्वन्धी एकीकृत अभिलेख तयारी, सूचनाको विश्लेषण सहित बार्षिक प्रतिवेदन तयार गर्ने ।

९. कार्यालयले तोके बमोजिमका अन्य कार्यहरु गर्ने।

## इ. जिल्ला व्यवस्थापन तथा समन्वय समिति

क. यस कार्यक्रम संचालन हुने प्रत्येक जिल्लामा देहाय बमोजिमको एक मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम जिल्ला व्यवस्थापन तथा समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| १. प्रमुख, जिल्ला समन्वय समिति | संयोजक |
| २ उप प्रमुख, जिल्ला समन्वय समिति | सदस्य |
| ३. जिल्ला समन्वय अधिकारी,जिल्ला समन्वय समिति | सदस्य |
| ४. प्रमुख कोष नियन्त्रक वा निजले तोकेको अधिकृत,कोष तथा लेखा नियन्त्रक कार्यालय | सदस्य |
| ५. अधिकृत, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| ६ अधिकृत, निर्देशक समितिले तोकेको प्रदेश सरकारअन्तर्गतको कार्यालय | सदस्य |
| ७. अधिकृत, जिल्ला समन्वय समितिको कार्यालय | सदस्य सचिव |

यस समितिको वैठकमा कार्यक्रम सहजकर्तालाई आमन्त्रण गर्नुपर्नेछ ।साथै, समितिलाई जिल्ला समन्वय समितिले सचिवालय सेवा उपलब्ध गराउनेछ ।

(ख) जिल्ला व्यवस्थापन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार:

जिल्ला व्यवस्थापन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

१. समितिले आफ्नो कार्यविधि आँफै निर्धारण गर्न सक्नेछ ।

२. समितिले आफ्नो बैठकका निर्णयहरुको अभिलेख आवश्यक प्रक्रिया समेत देखिने गरी व्यवस्थित रुपमा राख्नेछ ।

३. समितिले लक्षित समूहको पहिचान तथा कार्यक्रमको पहिचान गर्ने कार्यमा कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनेछ ।

४. सिफारिस तथा कार्यान्वयन समितिहरुबाट छनौट भई आएका कार्यक्रम वा परियोजना देहाय बमोजिमका आधारमा प्राथमिकीकरण गरी स्वीकृत गर्नेछ ।

(क) कार्यक्रमको लक्षित समूह,

(ख) कार्यक्रमको प्रकृति,

(ग) कार्यक्रम सञ्चालन तथा अन्य खर्चको प्रस्ताव,

(घ) कार्यक्रमको दिगोपना,

(ङ) कार्यक्रम सञ्चालन भएका क्षेत्रमा सरकारी तथा गैर सरकारी क्षेत्रबाट अन्य कार्यक्रम भए, नभएको स्थिति,

(च) कार्यक्रमको अपेक्षित प्रतिफल उपलब्धि तथा प्रभाव,

(छ) कार्यक्रम सञ्चालन गर्न लाग्ने समय,

(ज) कार्यक्रमबाट सृजना हुने रोजगारी तथा स्वरोजगारीका अवसरहरु।

यसरी कार्यक्रम स्वीकृत गर्दा निर्देशक समितिबाट भएको जिल्लागत बजेट बाँडफाँडलाई आधार मान्नुपर्नेछ ।

५. स्वीकृत कार्यक्रममा सिफारिस तथा कार्यान्वयन समितिको सिफारिस बमोजिम संशोधन गर्न सक्नेछ।

६. गाउँपालिकाहरुमा सञ्चालित कार्यक्रमहरुको कार्यक्रम सहजकर्ता र गाउँपालिकाबाट मासिक प्रतिवेदन लिने र आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने ।

७. यस कार्यक्रमअन्तर्गत सञ्चालित कार्यक्रमहरुलाई थप प्रभावकारी वनाउन आवश्यक सुझावहरु केन्द्रीय कार्यान्वयन तथा समन्वय इकाइमा पठाउने ।

**ई. कार्यक्रम सिफारिस तथा कार्यान्वयन समिति**

क. यस कार्यक्रम संचालन भएका प्रत्येक गाउँपालिकामा देहाय बमोजिमको एक कार्यक्रम सिफारिस तथा कार्यान्वयन समिति रहनेछ ।

| | |
|---|---|
| १. सम्बन्धित गाउँपालिकाको अध्यक्ष | संयोजक |
| २. सम्बन्धित गाउँपालिकाको उपाध्यक्ष | सदस्य |
| ३ कार्यक्रम संचालन हुने सम्बन्धित गाउँपालिकाका समाजसेवी वा शिक्षाविद्मध्ये मुख्यमन्त्रीबाट तोकिएका एक महिलासहित | २ जना सदस्य |
| ४. गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत | सदस्य- सचिव |

ख. कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार:

१. समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

२. समितिले आफ्ना वैठकको निर्णयका हरेक अभिलेख व्यवस्थित रुपमा राख्नेछ ।

३. गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले समितिको निर्णय कार्यान्वयन गर्नेछ ।

४. कार्यक्रम संचालनका लागि लक्षित समूह तथा वस्तीहरुको पहिचान गर्ने।

५. छानिएका वस्ती तथा समूह लक्षित गरी संचालन गर्नुपर्ने कार्यक्रमको पहिचान गर्ने ।

६. पहिचान गरिएका कार्यक्रमहरुमध्ये उपयुक्त कार्यक्रमहरु छनौट गरी जिल्ला व्यवस्थापन तथा समन्वय समिति समक्ष सिफारिस गर्ने ।

तर, यसरी कार्यक्रम सिफारिस गर्दा कार्यक्रम संचालन हुने स्थानमा सोही प्रकारका कार्यक्रमहरु अन्य विकासका साझेदारबाट संचालन भए, नभएको यकिन गर्नुपर्नेछ । यस्तो दोहोरोपना नभएको विषय कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिले स्पष्ट किटान गरी उल्लेख गर्नुपर्नेछ ।

७. आफ्नो गाउँपालिकामा संचालित कार्यक्रमहरुको निरन्तर अनुगमन र मूल्याङ्कन गरी गाउँपालिका र जिल्ला व्यवस्थापन तथा समन्वय समितिमा प्रतिवेदन दिनुपर्नेछ ।

८. आफ्नो गाउँपालिकामा संचालित कार्यक्रमलाई थप प्रभावकारी वनाउन आवश्यक सुझावहरु जिल्ला व्यवस्थापन तथा समन्वय समिति समक्ष सिफारिस गर्नुपर्नेछ ।

**उ. कार्यक्रम सहजकर्ता**

क. कार्यक्रम संचालन भएका प्रत्येक जिल्लामा एक कार्यक्रम सहजकर्ता रहनेछन् । निजको नियुक्ती यस कार्यविधिको दफा ९ बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुनेछ ।

ख. कार्यक्रम सहजकर्ताको काम, कर्तव्य र अधिकार

१. कार्यक्रम सिफारिस तथा कार्यान्वयन समिति र जिल्ला व्यवस्थापन तथा समन्वय समितिलाई आवश्यक सहयोग गर्ने ।

२. कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिको निर्देशनमा आवश्यक तथ्याङ्क संकलन गर्ने ।

३. कार्यक्रम सञ्चालनका लागि लक्षित समूह तथा वस्तीहरुको पहिचान गर्न सहयोग गर्ने ।

४. संचालित कार्यक्रमको नियमित समन्वय र सुपरीवेक्षण गरी सिफारिस तथा कार्यान्वयन समिति र केन्द्रीय कार्यान्वयन तथा समन्वय इकाइमा नियमित प्रतिवेदन पेश गर्ने ।

## परिच्छेद-५
## कार्यक्रम सहजकर्ताको योग्यता, पारिश्रमिक र सेवा सुविधा सम्बन्धी व्यवस्था

**८. कार्यक्रम सहजकर्ताको योग्यता**

क. स्नातक तह उतीर्ण गरेको,

ख. सामाजिक परिचालन वा सामुदायिक विकासको क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको,

ग. ४० वर्ष उमेर ननाघेको,

घ. नेपाली नागरिक हुनुपर्ने ।

## ९. कार्यक्रम सहजकर्ताको नियुक्ती प्रक्रिया

(क)कार्यक्रम सहजकर्ताको नियुक्ती प्रकृया देहायबमोजिम हुनेछ ।

१. सहजकर्ता छनौटका लागि राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन गर्ने ।

२. स्नातक तहमा प्राप्त गरेको प्राप्तांकका आधारमा सवै निवेदकहरुको घट्दो अंक(Descending orderमा जिल्लागत सूची तयार पार्ने ।सहजकर्ता नियुक्ति गर्दा सम्बन्धित जिल्लाको ब्यक्तिलाई मात्र नियुक्ति गरिने हुनाले जिल्लागत रुपमा सूची तयार गर्दा नागरिकतामा सम्बन्धित जिल्ला स्थायी ठेगाना भएका ब्यक्तिहरुलाई मात्र समावेस गरी घट्दो अंकका आधारमा सूची तयार गरिनेछ ।

३. सो सूचीका आधारमा जिल्लागत सूची तयार गरी प्रत्येक जिल्लाका ५ जनालाई अन्तर्वार्तामा बोलाउने ।

४. प्राप्ताक प्रतिशतलाई चालीस र अन्तर्वार्तालाई साठी अङ्कभार तोक्ने ।

५. अन्तर्वार्ताको साठी अङ्कभारमध्ये अनुभव, ब्यक्तित्व, काम गर्ने प्रतिबद्धता र सम्बन्धित विषयको ज्ञान मापन गर्नेगरी निर्देशक समितिले अन्तर्वार्तासम्बन्धी कार्यबिधि बनाई अन्तर्वार्ता लिन लगाउने र अङ्क निर्धारण गर्नुपर्ने ।

६. अन्तर्वार्ताको अङ्कप्राप्त भएपछि स्नातक तहको शैक्षिक योग्यताको प्राप्ताङ्कलाई ४० र अन्तर्वार्ताको अङ्कलाई ६० हुनेगरी भार निकाली कूल १०० पूर्णाङ्कमा उमेदवारले प्राप्त गरेको कूल अङ्क निकाल्नुपर्ने ।

७. कूल अङ्क निकालेपछि सवैभन्दा बढी अङ्क ल्याउनेलाई नियुक्ती गर्ने ।दोस्रो र तेस्रो हुने दुइ जनालाई बैकल्पिकमा राख्ने ।प्रथम हुनेले नियुक्ति नलिएमा वा एक बर्ष नपुग्दै छोडेमा बैकल्पिक हुनेलाई क्रमश नियुक्ति गर्ने ।

(ख) नियुक्तिसम्बन्धी ब्यवस्था वा सहजीकरण निर्देशक समितिले गर्नेछ ।

## १०. पारिश्रमिक तथा सेवा सुविधा

क. कार्यक्रम सहजकर्ताको पारिश्रमिक तथा अन्य सुविधा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेबमोजिम हुनेछ ।

**११. कारवाही र वर्खास्ती**

कार्यक्रम सहजकर्ता उपर देहायको अवस्थामा कारवाही र वर्खास्ती गर्न सकिनेछ ।

(क) तोकिएको जिम्मेवारीभन्दा वाहिर गई काम कारवाही गरेको भनी जिल्ला व्यवस्थापन तथा समन्वय समितिले सिफारिस गरेमा वा कार्यालयबाट भएको अनुगमनबाट देखिएमा ।

(ख) कार्यक्षमताको अभाव भएमा र कार्यालयको बारम्बारको चेतावनी पछि पनि कामकारवाहीमा सुधार नआएमा ।

(ग) आर्थिक अनियमितता गरेमा वा प्रचलित कानून अनुसार अपराध ठहरिने कुनै कारवाही वा कसूर गरेमा ।

## परिच्छेद-६

## स्थानीय तहको सहयोग

**१२. गाउँ कार्यपालिकाको कार्यालयले सहयोग गर्नुपर्ने**

(क)गाउँपालिकाले कार्यक्रम वा परियोजना पहिचान गर्न कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिलाई सहयोग गर्नुपर्नेछ ।

(ख)कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिलाई गाउँपालिकाको सबैभन्दा पिछडिएको वस्ती तथा वडाको पहिचान गर्न सहयोग गर्नुपर्नेछ ।

**१३. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार**

(क) कार्यक्रम सहजकर्ताको सहयोगमा गाउँपालिकाको आवश्यक तथ्यांङ्क तथा विवरण तयार गर्ने ।

(ख)संकलित विवरणका आधारमा लक्षित समूह र कार्यक्रम पहिचान गर्न कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिलाई सहयोग गर्ने ।

(ग) कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिबाट पहिचान गरिएका परियोजना तथा कार्यक्रमहरु समयमा नै जिल्ला व्यवस्थापन तथा समन्वय समितिमा पेश गर्ने ।

(घ) कार्यक्रम छनौट तथा स्वीकृतीका लागि जिल्ला व्यवस्थापन तथा समन्वय समितिलाई सहयोग तथा सहजीकरण गर्ने ।

(ङ) जिल्ला व्यवस्थापन तथा समन्वय समितिबाट स्वीकृत परियोजना तथा कार्यक्रमहरु लक्षित वर्गसँगको सहकार्य र समन्वयमा कार्यान्वयन गर्ने गराउने।

(च) कार्यक्रम कार्यान्वयन अवस्थाको अनुगमन सुपरिवेक्षण गरी मासिक, चौमासिक र बार्षिक प्रतिवेदन तयार गरी कार्यक्रम व्यवस्थापन तथा समन्वय समिति र कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाइमा पठाउने ।

(छ) कार्यक्रम व्यवस्थापन तथा समन्वय समिति र कार्यक्रम कार्यान्वयन तथा समन्वय ईकाइबाट भएका निर्देशनहरुको कार्यान्वयन गर्ने, गराउने ।

(ज) चौमासिक रुपमा प्रतिवेदन गरी निकासा माग गर्ने ।

(झ) बार्षिक बजेट, परियोजना तथा कार्यक्रमगत बजेट सीमामा रही खर्च गर्ने र सोको नियमानुसार लेखापालन गर्ने, गराउने ।

(ञ) बार्षिक रुपमा लेखापरिक्षण गराई सोको एक प्रति कार्यक्रम कार्यान्वयन तथा समन्वय ईकाइमा पठाउने ।

(ट) कार्यक्रम कार्यान्वयन तथा समन्वय ईकाइ र जिल्ला व्यवस्थापन तथा समन्वय समितिबाट भएका सुझाव तथा निर्देशन कार्यान्वयन गर्ने गराउने ।

**१४. जिल्ला समन्वय समितिको कार्यालयले गर्नुपर्ने सहयोग**

(क) कार्यक्रम वा परियोजनाहरु पहिचान तथा छनौट गर्न जिल्ला व्यवस्थापन तथा समन्वय समिति तथा कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिलाई सहयोग गर्ने ।

१. कार्यक्रम स्वीकृत गर्दा कार्यक्रममा दोहोरोपना भए नभएको एकिन गर्न जिल्ला व्यवस्थापन तथा समन्वय समितिलाई सहयोग गर्ने ।

२. जिल्ला व्यवस्थापन तथा समन्वय समिति र कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिलाई आवश्यक तथ्याङ्क उपलव्ध गराउने ।

३. जिल्ला व्यवस्थापन तथा समन्वय समितिलाई कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नका लागि भौतिक,आर्थिक तथा मानवीय सहयोग उपलव्ध गराउने ।

४. गाउँपालिकास्तरमा लक्षित समूह पहिचान र कार्यक्रमको पहिचान गर्न सहयोग हुने गरी तालिम तथा क्षमता विकासका कार्यक्रमहरु आवश्यक भए कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाइलाई सिफारिस गर्ने ।

## परिच्छेद-७

## परियोजना छनौट,स्वीकृति र सम्झौता

१५.पहिचान गरिएका कार्यक्रम वा परियोजनाबाट कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिले उपयुक्त कार्यक्रम वा परियोजना छनौट गरी जिल्ला व्यवस्थापन तथा समन्वय समितिमा पठाउनेछ। पहिचान गरिएका कार्यक्रम वा परियोजनाहरुको संख्या आवश्यकताभन्दा बढी भएमा

कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिले दफा ७ (इ) उपदफा (४) बमोजिम पहिचानका आधारहरु अनुरुप विश्लेषण तथा प्राथमिकीकरण गरी कार्यक्रम वा परियोजनाको छनौट गर्नुपर्नेछ।

१६. कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिले छनौट गरिएका कार्यक्रम वा परियोजनाको कार्यक्रम तयार गरी सोको तीन प्रति जिल्ला व्यवस्थापन तथा समन्वय समितिमा पठाउनु पर्नेछ।

१७. जिल्ला व्यवस्थापन तथा समन्वय समितिले कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिले छनौट गरी पठाएको कार्यक्रम वा परियोजनाहरुको छनौटको जाँचवुझ गरी उपयुक्त देखिएमा कार्यक्रम स्वीकृत गरी एक प्रति जिल्ला व्यवस्थापन तथा समन्वय समितिमा अभिलेख राखी एक एक प्रति सम्वन्धित गाउँपालिका र कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाइमा पठाउनु पर्नेछ। सम्वन्धित निकायले यस प्रकारका स्वीकृत कार्यक्रमहरु अभिलेखित हुनेगरी राख्नु पर्नेछ।

१८. जिल्ला व्यवस्थापन तथा समन्वय समितिले सम्वन्धित गाउँपालिकाहरुवाट छनौट तथा सिफारिस भई आएका कार्यक्रम वा परियोजनाहरु स्वीकृत गर्दा निर्देशक समितिले तोकिदिएको पालिकागत बजेट सीमाभित्र रही स्वीकृत गर्नुपर्नेछ ।

१९. एकपटक स्वीकृत भएको कार्यक्रम जिल्ला व्यवस्थापन तथा समन्वय समितिको पूर्व स्वीकृती विना थपघट गर्न पाइने छैन। स्वीकृत कार्यक्रममा परिवर्तन गर्न आवश्यक देखिएमा परिवर्तित कार्यक्रमको खाका र परिवर्तन गर्नुपर्नाको कारण खुल्ने पुष्टाई फाराम सहित कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिले जिल्ला व्यवस्थापन तथा समन्वय समितिमा लेखी पठाउनु पर्नेछ। सो समितिले आवश्यक जाँचवुझ गरी उचित देखिएमा संशोधित कार्यक्रम स्वीकृत गरी सोको जानकारी केन्द्रीय कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाई र सम्बन्धित गाउँपालिकामा पठाउनुपर्नेछ। यसरी स्वीकृत संशोधित कार्यक्रम गाउँपालिका, जिल्ला व्यवस्थापन तथा समन्वय समिति र कार्यान्वयन तथा समन्वय इकाइमा अभिलेखित हुनुपर्नेछ।

२०. स्वीकृत गरिएका कार्यक्रमहरु गाउँपालिका तहबाट कार्यान्वयन हुनेछन् ।

## परिच्छेद-८

## कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन

२१. कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिले आफ्नो गाउँपालिकामा संचालित परियोजना वा कार्यक्रम स्वीकृत कार्यक्रम अनुसार कार्यान्वयन भए नभएको अनुगमन गरी त्यसको प्रतिवेदन गाउँपालिकामा दिनेछ ।गाउँपालिकाले अनुगमनको मासिक प्रतिवेदन जिल्ला व्यवस्थापन तथा समन्वय समिति र केन्द्रीय कार्यान्वयन तथा समन्वय ईकाइमा पठाउनेछ ।

२२. जिल्ला व्यवस्थापन तथा समन्वय समितिले कार्यक्रमको चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन केन्द्रीय कार्यान्वयन तथा समन्वय ईकाइमा पठाउनेछ ।

२३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यकता अनुसार गाउँपालिकाहरुमा संचालित कार्यक्रमहरुको सुपरिवेक्षण र अनुगमन गर्नेछ ।कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाईले गाउँपालिका तथा कार्यक्रम व्यवस्थापन तथा समन्वय समितिबाट भएको प्रतिवेदन समेतलाई आधारमानी बार्षिक रुपमा समग्र कार्यक्रमको मूल्याङ्कन गर्नेछ ।

२४. अनुगमन तथा मूल्याङ्कनको लागि निर्देशक समितिले निर्धारण गरेको कार्यविधि तथा प्रक्रिया अनुसरण गरिनेछ ।

## परिच्छेद-९

## बजेट खर्च,लेखापालन, लेखापरीक्षण र कार्यक्रमको वित्तीय नियन्त्रण

२५. गाउँपालिकाहरुलाई रकम निकासा दिंदा सम्बन्धित गाउँपालिकाको सरकारी कारोवार गर्ने खातामार्फत गरिनेछ।यस प्रकारको रकम कार्यक्रम स्वीकृत भएपछि सम्बन्धित गाउँपालिकालाई सोझै निकासा गरिनेछ।यसरी निकासा गर्दा चौमासिक किस्तावन्दीमा निर्देशक समितिको सिफारिस अनुसार उपलब्ध गराइनेछ ।

२६. खर्च गर्ने अख्तियारी सम्बन्धित गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ। निजले प्रचलित कानून अनुसार खर्च गर्ने, कानून अनुसारको लेखापालन, लेखा परीक्षण र प्रतिवेदन गर्ने कार्य गर्नु, गराउनु पर्नेछ ।लेखा परीक्षण गरिएका कागजातहरुको एक प्रति कार्यक्रम कार्यान्वयन तथा समन्वय ईकाइमा पठाउनुपर्नेछ ।

२७. कार्यक्रम सञ्चालन गर्ने गाउँपालिकाले सञ्चालन गर्ने परियोजना वा कार्यक्रमको बारेमा सरोकारवालाहरु बीच जानकारी गराउने, लेखाजोखा गर्ने तथा मूल्यांकन गराउने उद्देश्यका साथ तेश्रो चौमासिक अवधिभित्र सार्वजनिक परीक्षण गराउनुपर्नेछ ।

२८. कार्यालयले कार्यक्रमको लागि आवश्यकता अनुसार विभिन्न मापदण्ड र फारामहरु निर्धारण गर्न सक्नेछ। यस प्रकारको मापदण्ड र फारामहरुको प्रयोग यस कार्यबिधि र कार्यालयले समय समयमा गरेका परिपत्रहरु बमोजिम हुनेछ ।

## परिच्छेद-१०

## संशोधन र खारेजी

२९.प्रदेश सरकारले यस कार्यबिधिका कुनै दफा संशोधन वा खारेजी वा थप गर्न सक्नेछ ।

३०.कार्यालयले मुख्यमन्त्रीस्तरीय निर्णयबाट यस कार्यबिधिका कुनै अनुसूची संशोधन वा खारेजी वा थपघट गर्न सक्नेछ ।

# अनुसूची १

(दफा ५ संग सम्बन्धित)

## कार्यक्रम सञ्चालन हुने गाउँपालिकाहरु

| क्र.सं. | जिल्ला | गा.पा.नम्बर १ | गा.पा.नम्बर २ | गा.पा.नम्बर ३ |
|---|---|---|---|---|
| १. | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | सुस्ता गा.पा. | प्रतापपुर गा.पा. | पाल्हीनन्दन गा.पा. |
| २. | रुपन्देही | मर्चवारी गा.पा. | सम्मरीमाई गा.पा. | कोटहीमाई गा.पा. |
| ३. | पाल्पा | निस्दी गा.पा. | माथागढी गा.पा. | रैनादेवीछहरा गा.पा. |
| ४. | गुल्मी | कालीगण्डकी गा.पा. | मालिका गा.पा. | मदाने गा.पा. |
| ५. | अर्घाखाँची | पाणिनी गा.पा. | मालारानी गा.पा. | छत्रदेव गा.पा. |
| ६. | कपिलवस्तु | विजयनगर गा.पा. | शुद्धोधन गा.पा. | |
| ७. | दाङ | बंगलाचुली गा.पा. | राजपुर गा.पा. | बबई गा.पा. |
| ८. | प्युठान | गौमुखी गा.पा. | नौबहिनी गा.पा. | ऐरावती गा.पा. |
| ९. | रोल्पा | सुनछहरी गा.पा. | थवाङ्ग गा.पा. | परिवर्तन गा.पा. (दुईखोली) |
| १०. | रुकुमपुर्वी भाग | पुथाउत्तरगंगा गा.पा. | भूमे गा.पा. | सिस्ने गा.पा. |
| ११. | बाँके | नरैनापुर गा.पा. | डुडुवा गा.पा. | जानकी गा.पा. |
| १२. | बर्दिया | बढैयाताल गा.पा. | गेरुवा गा.पा. | |